# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

## करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०८०/०२/०२ गते)

कोशी गाउँपालिकामा तपसिल पदका लागि कर्मचारी करारमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यस सूचना बमोजिमको दरखास्त फारम, कार्यविवरण, पारिश्रमिक विवरण, सेवाका शर्तहरु सहित विस्तृत विवरण कार्यालयको वेबसाईट www.koshimun.gov.np बाट उपलब्ध गर्न सकिनेछ। म्यादभित्र दाखिला नभएको र रीत नपुगी भरिएका दरखास्तहरु उपर कुनै कारवाही हुनेछैन्। थप जानकारीको लागि सूचना प्रविधि शाखा(९८०४३४२५०५)मा सम्पर्क गर्न सकिनेछ।

| विज्ञापन नं. | पद | संख्या | न्यूनतम शैक्षिक योग्यता | **दरखास्त दस्तुर** |
|---|---|---|---|---|
| ०८/२०७९/०८० | पशु चिकित्सक(Veterinary) अधिकृत छैठौं तह | १ | मान्यता प्राप्त विद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी पशु चिकित्सा परिषद्मा दर्ता भएको । | १०००। |
| ०९/२०७९/०८० | सिभिल इन्जिनियर छैठौं तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियर विषयमा वि.ई. वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको । | १०००। |

१. दरखास्त दिने स्थानःकोशी गाउँपालिकाको कार्यालय(प्रशासन शाखामा)
२. दरखास्त दिने अन्तिम मितिः २०८०/०२/१६ गतेसम्म ।
३. छनौटको किसिमः प्रारम्भिक योग्यताको सूची प्रकाशन,लिखित परीक्षा तथा अन्तर्वार्ता ।
४. उमेरको हदः सूचनाको अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
५. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु(आवेदक स्वयमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्ने)
   क. नेपाली नागरिकता प्रमाणपत्रको छायाँ प्रति,
   ख. न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्रको छायाँ प्रति,
   ग. अनुभव, तालिम भए सोको कागजातको छायाँ प्रति,
   घ. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति,
   ङ. सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्रको छायाँ प्रति ।
६. भविष्यमा सरकारी सेवाको निमित्त आयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त हुने सजाय नपाएको हुनुपर्नेछ ।
७. लिखित परीक्षाको हकमा सम्बन्धित पदका लागि प्रदेश लोकसेवा आयोग, कोशी प्रदेशले निर्धारण गरेको पाठ्यक्रमको आधारमा परीक्षा लिइनेछ ।
८. प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन २०८०/०२/२१ गते हुनेछ ।
९. पशु चिकित्सक (Veterinary)अधिकृत छैठौं तहको लिखित परीक्षा २०८०/०२/२७ गते बिहान १०:०० बजे तथा आन्तर्वार्ता सोही दिन दिनको ३:०० बजे हुनेछ ।
१०. सिभिल इन्जिनियर छैठौ तहको लिखित परीक्षा २०८०/०२/२७ गते बिहान ८:०० बजे तथा अन्तर्वार्ता सोही दिन दिनको २:०० बजे हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
चोलाराज दगाल
प्रमुख प्रशासकीय अधिकृत